महाबु गाउँपालिका

गाउँ कार्यपालिका बैठक १४-२०८१।८२ मिति २०८२।०२।०७

आज मिति २०८२ साल जेठ ०७ गतेका दिनको ११ः०० बजेको समयमा महाबु गाँउपालिका, दैलेखका अध्यक्ष श्री जंग बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

तपसिल

| क्र स | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| २ | | मन्जुकुमारी शर्मा(पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| ३ | | उदयराज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | महाबु गाउँकार्यपालिका कार्यालय |
| ४ | | सर्वराज सार्की | वड़ा अध्यक्ष | १ नं वडा कार्यालय |
| ५ | | प्रकाशराज थापा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| ६ | | कृष्णकुमार दाहाल | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| ७ | | रामबहादुर शाही | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| ८ | | दिपबहादुर शाही | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| ९ | | रेशमबहादुर थापामगर | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| १० | | बसन कुमारी खत्री | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| ११ | | कृष्णादेवी जैसी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १२ | | मानकला सलामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १३ | | पवित्राकुमारी गिरी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १४ | | रामे कामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १५ | | कुमार नेपाली | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |

आमन्त्रीत

खगेन्द्र कुमार विसी वरिष्ठ लेखा अधिकृत महाबु गाउँपालिका दैलेख

सहयोगी कर्मचारी

श्री नन्दाराम बुढा कार्यालय सहयोगी महाबु गाउँपालिका दैलेख

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. कर्णाली प्रदेश शसर्त अनुदानका लागि योजना छनौट सम्बन्धमा ।

३. आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमाको लागि कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

४. सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुका लागि नवीकरण कार्य बायोमेट्रिक प्रणालीबाट गर्ने सम्बन्धमा ।

५. योजना जाँचपास तथा फरफारकका लागि वडा स्तरबाट आवश्यक कागजात माग गर्ने सम्बन्धमा ।

६. योजना कार्यान्वयन,जाँचपास तथा फरफारक र भुक्तानीका लागि अवधि निर्धारण सम्बन्धमा ।

७. म्याद समाप्त भएका विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. विपद् राहत सम्बन्धमा ।

१०. अस्थायी क्रशर अनुगमन सम्बन्धमा ।

११. सार्वजनिक र सरकारी जग्गाको संरक्षणका लागि मालपोत कार्यालयसंग विवरण माग गर्ने सम्बन्धमा ।

१२. विषयगत समितिका सदस्य सचिव तोक्ने सम्बन्धमा ।

१३. सिचाई कुलो मर्मत सम्बन्धमा ।

१४. विविध तथा प्रासाङ्गिक विषयहरु ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ को २०८१ श्रावण देखिसम्म सञ्चालन भएका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षात्मक छलफल भयो । गाउँपालिकाको आर्थिक श्रोतले धान्न सक्ने निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०८२।०२।०८

महाबु गाउँपालिका    गाउँ कार्यपालिका बैठक १४-२०८१।८२    मिति २०८२।०२।०७

निर्णय नं. २

प्रस्ताव नं २ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर सुर्खेतको मिति २०८२।०१।२८ गते को आर्थिक बर्ष २०८२।८३ का लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी मन्त्रालयबाट प्रदान गरिने सशर्त अनुदानबाट संचालन हुने आयोजना। कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२।०८३ को लागि कर्णाली प्रदेश सशर्त अनुदान तर्फ तपसिल बमोजिमका योजना प्रस्ताव गर्ने निर्णय गरियो ।

तपसिल

| क स | आयोजनाको नाम र स्थान | सशर्त अनुदानको आधारमा दफा ३ को बुदाँ | प्राथमिकता क्रम | लागत अनुमान रु | लाभान्वित हुने समुह/ जनसंख्या | निर्माणस्थल तयारी भएको/नभएको | जग्गा आवश्यक पर्ने भएमा जग्गा प्राप्तिको अवस्था (भएको/नभएको) | आयोजना दोहोरो परे/नपरेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४ नम्बर वडा कार्यालय घेरबार तथा फिल्ड व्यवस्थापन महाबु ४ दैलेख | ज | १ | २० लाख | वडा बासी सबै | भएको | भएको | नपरेको |
| २ | शिव आधारभुत विद्यालय भवन निर्माण महाबु ५ दैलेख | ज | २ | ५० लाख | विद्यार्थि/ ४०० | भएको | भएको | नपरेको |
| ३ | नेपाल राष्ट्रिय प्राथमिक विद्यालय एकपाटे अधुरो भवन निर्माण तथा घेरबार महाबु ६ दैलेख | न | ३ | २० लाख | विद्यार्थि/ ३०० | भएको | भएको | नपरेको |
| ४ | मालिका माध्यामिक विद्यालय फिल्ड निर्माण तथा घेरबार महाबु ३ दैलेख | ज | ४ | २० लाख | विद्यार्थि /४०० | भएको | भएको | नपरेको |
| ५ | २ नं वडा कार्यालय घेरबार तथा मर्मत महाबु २ दैलेख | ज | ५ | २० लाख | वडा बासि सबै | भएको | भएको | नपरेको |
| ६ | पालेको सालघारी देखि | ज | ६ | २० लाख | १५० | भएको | भएको | नपरेको |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिला सम्म सडक स्तरोनन्ति महाबु १ दैलेख | | | | | | | |
| ७ | ब्यामपार्क निर्माण महाबु ४ गैडाबाज दैलेख | छ | ७ | १५ लाख | २५० | भएको | भएको | नपरेको |
| ८ | पशु विकास कार्यालय तला थप महाबु गाउँपालिका दैलेख | छ | ८ | २० लाख | गाउँपालिका भरी | भएको | भएको | नपरेको |
| ९ | वडा कार्यालय सुवाकोट इल्म दुबेडी सडक स्तरोन्नति महाबु ३ दैलेख | ज | ९ | २० लाख | २५० | भएको | भएको | नपरेको |
| १० | गोर्ति कडेनी सडक निर्माण महाबु ५ दैलेख | ज | १० | ३० लाख | २५० | भएको | भएको | नपरेको |
| ११ | सामुदायिक स्वास्थ्य इकाइ टाकुरी तटबन्धन महाबु ६ दैलेख | छ | ११ | २० लाख | २५० | भएको | भएको | नपरेको |
| १२ | कैचले देखि सानाडाँडा सम्म सिचाई कुलो महाबु २ | ग | १२ | १५ लाख | ९० | भएको | भएको | नपरेको |
| १३ | काप्रिखोला मलाई टोल हुदै दोमिल्ला सडक निर्माण महाबु ४ दैलेख | ज | १३ | २० लाख | ६० | भएको | भएको | नपरेको |
| १४ | थापाडाँडा खेल मैदान स्तरोन्नति महाबु १ | छ | १४ | २० लाख | ५०० | भएको | भएको | नपरेको |
| १५ | वारीबारी तटबन्धन महाबु १ दैलेख | छ | १५ | २० लाख | ७५ | भएको | भएको | नपरेको |
| १६ | बतासेपाटा चुनटाकुरा खानेपानी निर्माण महाबु ५ | ट | १६ | २० लाख | २०० | भएको | भएको | नपरेको |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट तर्जुमाको लागि देहाय अनुसारको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरीयो ।

तपसिल

| क्र.स. | क्रियाकलाप | समय सीमा | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १. | आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक श्रोत, राजस्व वाँडफाँड, तथा अनुदान) को प्रक्षेपण र राजश्व अनुमान तयारी, | भईसकेको (२०८१।०९।२७ र २०८२।०२।०७ को बैठकबाट) | राजस्व परामर्श समिति र श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | |
| २. | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार एवम् कुल बजेट अनुमान,सीमा निर्धारण र बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयारी, | भैसकेको (२०८२।०२।०७) | श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति | |
| ३. | विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलव्ध गराउने, | २०८२ जेठ १५ गते भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | गाउँपालिका स्थित विभिन्न राजनीतिक दल, वुद्दिजिवी तथा अन्य सरोकारवालाहरुसँग नीति तथा कार्यक्रम एवम् बजेट निर्माणका लागि राय, सल्लाह तथा सुझाव संकलन, | २०८२ जेठ १५ गते भित्र | गाउँपालिका अध्यक्ष | |
| ५. | बस्ती/टोलस्तरको बैठकको कार्यतालिका तयारी र जिम्मेवारी वाँडफाँड गर्ने एवम् बस्ती टोलस्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने, | २०८२ जेष्ठ २५ गते भित्र | वडा समिति र समितिका तोकिएका सदस्य एवम् वडा सचिव | |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६. | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने, | २०८२ जेठ ३० गते भित्र | वडा समिति तथा वडा कार्यालय | |
| ७. | गाउँपालिकामा कार्यरत विकास साझेदारहरुसँग छलफल, | २०८२ जेठ ३० गते भित्र | गैसस फोकल पर्शन | |
| ८. | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण एवम् साङ्केतिकरण गर्ने, | २०८२ आषाढ ४ गते भित्र | विषयगत समिति र शाखा प्रमुख | |
| ९. | नीति तथा कार्यक्रम तर्जुमा, | २०८२ जेठ मसान्त भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १०. | नीति तथा कार्यक्रम कार्यपालिकाबाट स्वीकृत गर्ने, | २०८२ आषाढ ४ भित्र | गाउँपालिका अध्यक्ष | |
| ११. | नीति तथा कार्यक्रम बजेट किताब छपाई, | २०८२ आषाढ ४ भित्र | गाउँपालिका | |
| १२. | नीति तथा कार्यक्रम गाउँसभामा पेश तथा स्वीकृत गर्ने, | २०८२ आषाढ ५ भित्र | गाउँपालिका अध्यक्ष | |
| १३. | वार्षिक बजेट (राजस्व र व्यय) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, | २०८२ आषाढ ७ भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १४. | विकास साझेदारका कार्यक्रमहरुलाई एकिकृत गरी समावेश गर्ने, | २०८२ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |
| १५. | आर्थिक विधेयकको मस्यौदा तयार गर्ने, | २०८२ असार ७ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति | |

निर्णय प्रमाणित

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुका लागि नवीकरण कार्य आगमी आ व २०८२।०८३ बाट बायोमेट्रिक प्रणालीबाट गर्ने गरी आवश्यक प्रवन्ध मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा वित्तीय समानीकरण अनुदानबाट सञ्चालन भएका वडा स्तरीय योजनाहरु र संघ तथा कर्णाली प्रदेश सरकारका साथै अन्य विभिन्न संघसंस्थाको अनुदानबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी दिंदा रु २ लाखसम्मका योजनाहरुको हकमा सम्बन्धित वडा कार्यालयहरुको अनुगमन प्रतिवेदन,वडा समितिको बैठकबाट योजना जाँचपास तथा फरफारकका लागि भएको निर्णय प्रतिलिपि र वडा कार्यालयको सिफारिसलाई आधारमा मात्रै र सो भन्दा माथिका योजना तथा कार्यक्रमका लागि समेत उक्त कागजातका अतिरिक्त गाउँ स्तरीय अनुगमन समितिको प्रतिवेदन आवश्यक हुने गरी भुक्तानी प्रकृयालाई व्यवस्थित गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वित्तीय समानीकरण र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदानबाट उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजना तथा कार्यक्रमहरु र ठेक्का प्रकृयाबाट सञ्चालन भएका योजनाहरुको भुक्तानीका लागि प्राविधिककों मुल्यांकन सहित तोकिएका कागजातहरु मिति २०८२।०३।१५ गतेभित्र र चालु खर्च तर्फका कार्यक्रमहरु मिति २०८२ असार १० गते भित्र अनिवार्य रुपमा पेश गरिसक्न सम्बन्धित सवैलाई सुचना गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा म्याद समाप्त भएका विद्यालय व्यवस्थापन समितिहरुलाई तत्काल निर्देशन गर्न गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत गाउँ शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस महाबु गाउँपालिकामा आर्थिक सहायता शिर्षकमा विनियोजित रकमबाट तपसिलको रकम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क सं | नाम,थर | ठेगाना | रकम रु | कारण |
|---|---|---|---|---|
| १ | प्रेरणा कुमारी सिंह | महाबु ४ | ३००००।०० | दुबै मृगौला पिडित |
| २ | मन कुमारी जैसी | महाबु ३ | ५०००।०० | दिर्घ रोग |

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस महाबु गाउँपालिकामा विभिन्न समयमा आएको विपद्का कारण भएको भौतिक तथा मानविय क्षति भएका तपसिलका व्यक्तिहरुलाई प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस, व्यक्तिगत निवेदनका आधारमा गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट तपसिलको रकम राहत दिने निर्णय गरियो ।

तपिसल:

| क सं | नाम,थर | ठेगाना | रकम रु | कारण |
|---|---|---|---|---|
| १ | खगिसरा सर्केनी (हरि) (भुमिसरा सर्केनी) (आमा) | महाबु ५ | २०,०००।०० | २०८२ वैशाख २९ गते खोरमा आगलागी भई ८ वटा बाखा जलेको र खोर पुरै नष्ट भएको । |
| २ | देविराम जैसी | महाबु ३ | २०,०००।०० | २०८१ चैत १७ देखि १९ सम्म महामारीका कारण १७ वटा बाखा मरेको । |
| ३ | टेक बहादुर सार्की | महावु ५ | १ थान पाल २ थान ब्यालेकेट ४ हजार १० रुपैया बराबरको खाद्यान्न र ८ हजार बराबरको भाडाकुडाँ उपलब्ध गराइएको । | मिति २०८२।०२।०२ गते घरमा आगलागी भई चल अचल सम्पुर्ण सम्पत्ति विनाश भएको । |

निर्णय प्रमाणित

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा महाबु गाउँपालिका वडा नं २ स्थित जलजलेमा संचालनमा रहेको अस्थायी क्रशर अनुगमन अनुगमन गरी ५ दिन भित्र प्रतिवेदन पेश गर्न गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं. ११ माथि छलफल गर्दा महाबु गाउँपालिकामा रहेका सार्वजनिक र सरकारी जग्गाको संरक्षणका लागि मालपोत कार्यालय दैलेखसंग विवरण माग गर्ने निर्णय गरियो ।

निर्णय नं १२

प्रस्ताव नं. १२ माथि छलफल गर्दा कार्यपालिका अन्तर्गतका तपसिल बमोजिमका विषयगत समितिहरुको सदस्य सचिवमा अर्को व्यवस्था नहुञ्जेल सम्मका लागि तपसिल बमोजिमका कर्मचारीहरु तोक्ने निर्णय गरियो ।

| क स | विषयगत समितिको नाम | सदस्य सचिवको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक विकास समिति | कृष्ण बहादुर वली | वरिष्ठ शिक्षा अधिकृत | |
| २ | सुशासन तथा संस्थागत विकास समिति | खगेन्द्र कुमार विसी | वरिष्ठ लेखा अधिकृत | |
| ३ | वन वातावरण तथा विपद् व्यवस्थापन समिति | सागर भुसाल | कृषि अधिकृत सातौ | |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | खगेन्द्र कुमार विसी | वरिष्ठ लेखा अधिकृत | |

निर्णय नं १३

प्रस्ताव नं. १३ माथि छलफल गर्दा महाबु गाउँपालिका वडा नं ४ को चलानी नम्बर ८४० मिति २०८२ जेठ ७ गतेको पत्र अनुसार आरुपाटा बाचकोटी टोलको सिचाई कुलोमा पहिरोका कारण क्षति भई १५ घरधुरीको खेतबारी सिचाई सुविधाबाट बञ्चित भएको हुदाँ प्राविधिक इस्टमेटका आधारमा मर्मत सम्भार कोषबाट खर्च हुने गरी मर्मत गर्ने निर्णय गरियो ।

कार्यपालिकाको मिति २०८२।२।६ गतेको निर्णय प्रमाणित ।
२०८२।२।६
उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

उदयराज उपाध्याय

महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक १४-२०८१।८२ मिति २०८२।०२।०७

निर्णय नं १४

प्रस्ताव नं. १४ माथि छलफल गर्दा महाबु गाउँपालिका वडा नं ५ स्थित श्री सरस्वती आधारभुत विद्यालयको साधसिमाना जोडीएको र विद्यालय भवन समेत निर्माण भइ सकेको महाबु गाउँपालिका वडा नं ५ निवासी नन्द बहादुर शाहीको नाती तुल बहादुर शाहीको छोरा सरम बहादुर शाहीको नाममा रहेको कित्ता नं ४९१ (आवादी) ८०० बर्गमिटर क्षेत्रफल भएको जग्गा श्री सरस्वती आधारभुत विद्यालय महाबु गाउँपालिका वडा नं ५ को नाममा रजिष्ट्रेसन लिखत पारित गर्न विद्यालय व्यवस्थापन समितिको मिति २०८२।०२।०२ को निर्णय अनुसार सो विद्यालयको मिति पं सं २०८२।८३ चलानी नं ५ मिति २०८२।०२।०७ गतेको पत्रानुसार उक्त कित्ता नं भएको जग्गा प्राप्ति गर्न श्री सरस्वती आधारभुत विद्यालय महाबु गाउँपालिका वडा नं ५ को नाममा रजिष्ट्रेसन लिखत पारित गर्न मालपोत कार्यालय दैलेखलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०८२।२।७

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत